आज मिति २०७९ साल जेठ ११ गते बुधवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : निवर्तमान पदाधिकारीलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२ : निर्वाचन आयोगलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३ : मतदाताहरुलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४ : स्वास्थ्य र कृषि पशुधन बिमा सम्बन्धमा ।
प्रस्ताव नं.५ : दलितमैत्री नगरपालिका बनाउने सम्बन्धमा ।
प्रस्ताव नं.६ : अधुरा योजना सम्बन्धमा ।
प्रस्ताव नं.७ : फुसका छाना हटाउने सम्बन्धमा ।
प्रस्ताव नं.८ : समता विद्यालय सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.९ : आगामी आ.व.को बजेट तयारी सम्बन्धमा ।

प्रस्ताव नं.१० : परामर्श बैठक सम्बन्धमा ।
प्रस्ताव नं. ११ : कार्यदल गठन सम्बन्धमा ।
प्रस्ताव नं.१२ : व्यास मार्गको सडक क्षेत्राधिकार सम्बन्धमा ।
प्रस्ताव नं.१३ : तथ्याङ्क संकलन सम्बन्धमा ।
प्रस्ताव नं.१४ : उपकरण खरीद सम्बन्धमा ।
प्रस्ताव नं.१५ : अनुगमन समिति सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका निवर्तमान जनप्रतिनिधिहरुले ५ बर्षसम्म सफल कार्यकाल बिताउनु भएकाले वहांहरुको अनुभव र ज्ञानको नगरपालिका विकासमा समर्पण रहीरहने विश्वासका साथ हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा सहयोग पुऱ्याउनु हुने निर्वाचन आयोग, नेपाल सरकार, राजनैतिक दल, जिल्ला स्थित कर्मचारी, सुरक्षा निकाय, संचारकर्मीलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा ३० बैशाख २०७९ को स्थानीय तह निर्वाचनमा सक्रिय सहभागी भई मतदान गर्नुहुने सम्पूर्ण मतदाता नगरवासीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा स्थायी बसोवास गर्ने विपन्न जेष्ठ नागरिकहरुको स्वास्थ्य बिमा नभएकाको हकमा स्वास्थ्य बिमा र कृषि पशुधन बिमा गर्न नगरपालिकाको तर्फबाट सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा नेपालको संविधान तथा मौजुदा कानूनी व्यवस्था अनुसार व्यास नगरपालिकामा छुवाछुतको अन्त्य गर्दै दलितमैत्री नगरपालिका बनाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा सञ्चालित अधुरा योजनाहरु र आर्थिक, सामाजिक, भौगोलिक, शारिरीक कारणले पछाडी परेका वर्ग र क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र रहेका पुरातात्विक महत्वका माटाका घरहरुलाई संरक्षण गर्दै अति विपन्न नगरबासीहरुको हाल भएका फुसका छाना माटाका घरहरुलाई लागत सहभागितामा हटाई विपन्न परिवारहरुलाई पक्की घरमा बसोवास गराउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका अभिभावक बिहिन, विपन्न र शिक्षाको पहुँचबाट टाढा रहेका बालवालिकाहरुलाई व्यास नगरपालिका वडा नं. ७ स्थित शेषमटारमा तयारी अवस्थामा रहेको व्यास नगर समता विद्यालयमा भर्ना गरी उक्त विद्यालयलाई यसै शैक्षिक सत्रदेखि सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७९/०८० का लागि बजेट, नीति तथा कार्यक्रम तयार गर्नका लागि टोल विकास संस्थाको समेत सहभागिता रहने गरी २०७९ जेष्ठ २९ गतेभित्र वडागत योजना, नगर स्तरीय योजना सिफारिस गर्न गराउन वडा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व. २०७९/०८० का लागि नीति तथा बजेट कार्यक्रमका बारेमा व्यास नगरपालिका क्षेत्रभित्रका विषय विशेषज्ञसँग आवश्यक राय सुझाव लिनका लागि २०७९ आषाढ ५ गतेभित्र परामर्श बैठकको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सरसफाईलाई दीर्घकालिन व्यवस्थापन गर्न आवश्यक पर्ने जग्गा खरिद गर्न र ऐलानी पर्ति जग्गा खोजी गरी सदुपयोग गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

१. संयोजक श्री काशीराम श्रेष्ठ
२. सदस्य श्री मन बहादुर गुरुङ्ग
३. सदस्य श्री अनुप राना
४. सदस्य श्री यज्ञ प्रसाद शर्मा
५. सदस्य डा. राजु पौडेल
६. सदस्य श्री अमृत के.सी.
७. सदस्य-सचिव श्री कृष्णराज घिमिरे

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास ४ हुदै लमजुङ्गको भोर्लेटार जाने व्यास मार्गको सडक क्षेत्राधिकारका सम्बन्धमा सम्मानित श्री सर्वोच्च अदालतमा समेत मुद्दा परी सो मार्गको क्षेत्राधिकार सम्बन्धमा प्रदेश सरकारबाट निर्धारण गरे बमोजिम हुने कानूनी व्यवस्था भएको र व्यास नगरपालिकाबाट यस अघि उक्त मार्गलाई ४० फूट मानी भवन निर्माण गर्ने अनुमति समेत दिईसकेको अवस्थामा अब बन्ने कानून पनि हाल भई रहेको व्यवहारिकताबाट फरक नपर्ने गरी सडक क्षेत्राधिकार निर्माण गर्न प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्रका वैदेशिक रोजगारमा गई फर्केका युवाहरुको तथ्याङ्क संकलन गरी सोको प्रोफाइल तयार गर्नका लागि बजेट शिर्षक नं. १९५ बाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश र व्यास नगरपालिका तनहुँ बीच २०७९/१/१३ मा भएको सम्झौता बमोजिम नवप्रवर्तनीय साझेदारी कोष कार्यक्रम कार्यान्वयन गर्ने शिलशिलामा यस नगरपालिकालाई गण्डकी प्रदेश सरकारबाट यस आ.व. मा प्राप्त रू.७५ लाख र नगरपालिकाको लागत सहभागिता समेतको रकमलाई आधारमानी नवप्रवर्तनीय साझेदारी कोष कार्यक्रम कार्यान्वयन समितिले पेश गरेको देहाय बमोजिमका उपकरण एवं इक्वीपमेन्ट प्रणाली खरिद प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | विवरण | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १. | Laptop 2, Desktop 2, Color Printer 1, 3 in I Printer 2, Biometric Attendance 15, A3 Printer 1, 19 Inch Cabinet AV Rack Stand with Whels. For Network and Server Equipment 1, E PABX, Projector and 48 Port Network Switch 1. | १४,१५,०००।- | १५ दिने सूचना |
| २. | CC Camera (Ward Package) | १९,९९,९९९।- | १५ दिने सूचना |

| | | | |
|---|---|---|---|
| ३. | Digital Citizen charter (Including Software package and Installation in all 14 ward and Municipality Office) 15 | ६६,७५,०००।- | ३० दिने सूचना |
| ४. | E payment System (Online payment gateway integration and taxpayer portal development)- web base integration, microsoft sql server and. NET framework/Nepali Unicode supported) For Eg. Connect IPS/Khalti/E-sewa | ५,००,०००।- | परामर्शदाताबाट कोटेशन माग |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा कार्यपालिकाको निर्वाचन सम्पन्न भएपछि पूर्णता हुने गरी हाललाई निम्नानुसार अनुगमन समिती गठन गर्ने निर्णय गरियो ।

-संयोजक श्री ईन्दिरा दरै उप प्रमुख
-सदस्य श्री डिल्लीराम सिग्देल प्रमुख प्रशासकीय अधिकृत
-सदस्य सचिव डा. राजु पौडेल वरिष्ठ ईन्जिनियर